नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय

धनगढी, कैलाली

visit Nepal 2020

पत्र संख्या:२०७७/०७८
चलानी नम्बर:

## भू-सेवा केन्द्र सञ्चालन सम्बन्धि

## भूमिसुधार तथा मालपोत कार्यालय धनगढी कैलालीबाट प्रकाशित सूचना।

प्रकाशित मिति २०७७।११।०३

प्रस्तुत विषयमा भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०७७।१०।१४ गतेको कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा सञ्चालन निर्देशिका, २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली २०३६ को नियम २३(क) र २३(ख) बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिएक बमोजिम पूर्वाधार(मापदण्ड) पूरा भएका ईच्छुक व्यक्ति, संस्था, फर्म, लेखापढी/कानून व्यवसायी तथा स्थानीय तहले अनुमति लिनको लागि मिति २०७७।११।०३ गते देखि २०७७।१२।०३ गते सम्म https://public.dolma.gov.np/ मा Online मार्फत निवेदन पेश गरी सो निवेदनको Hard Copy सहित सोसँग सम्बन्धित सक्कलै कागजातहरु यस कार्यालयको प्रशासन शाखामा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भू-सेवा केन्द्र सञ्चालकको अनुमति किसिम र योग्यता तपसिल बमोजिम रहेकोछ ।**

**व्यक्तिको हकमा भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने योग्यता/भौतिक पूर्वाधार:**

- नेपाली नागरिक भै १८ वर्ष उमेर पूरा भै नागरिकता प्रमाण पत्र भएको ।
- कम्प्युटर विज्ञान विषय लिई +२(प्रविणता प्रमाण-पत्र तह) उत्तिर्ण गरेको वा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्तिमा ६ महिनाको कम्प्युटर तालिम लिएको ।
- प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर (PAN No.) लिएको हुनु पर्ने ।
- नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धि कुनै पनि कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको ।
- भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम चाहिने पूर्वाधारहरु:
  - भू-सेवा केन्द्र सञ्चालन गर्नको लागि उपयुक्त कोठा भएको (आफ्नै वा भाडामा लिएको)।
  - कम्प्युटर, प्रिन्टर, पावर ब्याकप तथा स्क्यानर भएको ।
  - भू-सेवा प्रणालीसँग कम्प्याक्टिबल हुने बायोमेट्रिक डिभाइस, वेब क्यामेरा तथा दस्तखत मेशिन भएको
  - कम्तिमा ५/५ MBPS को Internet Connectivity भएको

**रजिष्टर्ड संस्थाको हकमा :**

- संस्था भन्नाले जग्गा प्रशासन वा सूचना प्रविधि वा कानूनी परामर्श सेवा सम्बन्धि कार्य गर्नको लागि प्रचलित कानुन बमोजिम दर्ता भएको ।
- संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै १८ वर्ष उमेर पूरा भएको ।
- संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा +2 उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भै ६ महिनाको कम्प्युटर तालिम लिएको ।
- कानून बमोजिम संस्थाको नाउमा स्थायी लेखा नम्बर लिएको ।

फोन:- ०९१-५२१२०१ मोबाईल:- ९८५८४२१२०१ ईमेल:- kalali@dolma.gov.np फ्याक्स:- ०९१-५२२१६५

प्रमुख मालपोत अधिकृत

- ➢ कर चुक्ताको प्रमाण पत्र भएको ।

<u>भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम चाहिने पूर्वाधारहरु:</u>

- भू-सेवा केन्द्र सञ्चालन गर्नको लागि उपयुक्त कोठा भएको (आफ्नै वा भाडामा लिएको)।
- कम्प्युटर, प्रिन्टर, पावर ब्याकप तथा स्क्यानर भएको ।
- भू-सेवा प्रणालीसँग कम्प्याक्टिबल हुने बायोमेट्रिक डिभाइस, वेब क्यामेरा तथा दस्तखत मेशिन भएको
- कम्तिमा ५/५ MBPS को Internet Connectivity भएको

<u>कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाण पत्र प्राप्त व्यक्तिको हकमा :</u>

- ➢ लेखापढी तथा कानुन व्यवसायीको प्रमाण पत्र भएको ।
- ➢ नेपाली नागरिक भै प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।
- ➢ कर चुक्ताको प्रमाण पत्र भएको ।

<u>भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमका निम्न पूर्वाधारहरु भएको:</u>

- भू-सेवा केन्द्र सञ्चालन गर्नको लागि उपयुक्त कोठा भएको (आफ्नै वा भाडामा लिएको)।
- कम्प्युटर, प्रिन्टर, पावर ब्याकप तथा स्क्यानर भएको
- भू-सेवा प्रणालीसँग कम्प्याक्टिवल हुने बायोमेट्रिक डिभाइस, वेब क्यामेरा तथा दस्तखत मेशिन भएको
- कम्तिमा ५/५ MBPS को Internet Connectivity भएको

<u>स्थानीय तहको हकमा</u>

- ➢ भू-सेवा केन्द्र सञ्चालन गर्ने आवश्यक जनशक्ति र पूर्वाधार भएको ।

<u>साधारण प्रयोगकर्ताको हकमा</u>

- ➢ प्रयोगकर्ताको नाउमा जग्गा धनी प्रमाण पुर्जा भएको ।
- ➢ आफ्नो नाउमा भएका जग्गाका कित्ताहरुको विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको तर भूसूचना प्रणालीमा देखिएको विवरण र जग्गा धनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गा धनी पहिचानमा समस्या देखिएमा जग्गा धनीले सम्बन्धित कार्यालयमा गई डाटा अद्यावधिक गराउनु पर्ने छ ।

<u>अनुमति पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था :</u>

- ➢ साधारण प्रयोगकर्ताले User Account खोल्नको लागि सम्बन्धित कार्यालयमा ५००।– रुपैया दस्तुर बुझाउनु पर्ने र प्रत्येक १० वर्षमा नवीकरणका लागि १००।– रुपैया दस्तुर बुझाउनु पर्नेछ ।
- ➢ साधारण प्रयोगकर्ताले User Account नवीकरण नगरेको अवस्थामा Online System मा त्यस्ता प्रयोग कर्ताले पहुँच(Access) स्वत: निस्कृय हुनेछ ।

<u>भू-सेवा केन्द्र सम्बन्धि अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछ:</u>

- ➢ व्यक्तिको हकमा रु.३०००।- (तीन हजार मात्र )
- ➢ संस्थाको हकमा रु.५०००।- (पाँच हजार मात्र )

**नोट:-** उक्त दस्तुर महालेखा नियन्त्रकको कार्यालयको एन आइ सि एसिया बैंक लि.को धनगढी शाखामा रहेको खाता न..९९CA०५१८७९८५२४ मा राजस्व शिर्षक १४२२९ जम्मा गरी सोको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

सरकार
भूमिव्यवस्था स... गरिबी निवारण मन्त्रालय
भूमि व्यव... अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय

धनगढी, कैलाली

visit Nepal 2020

पत्र संख्या:२०७७/०७८
चलानी नम्बर:

१. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी कैलालीको राष्ट्रिय वाणिज्य बैंक लि.मा रहेको खाता.न. ४१७०१००१०२०३०००० मा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्ने छ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक बर्षको बाँकी रहेको अवधिमा १ महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

(क) व्यक्तिको हकमा ५००००।– (पचास हजार मात्र )

(ख) संस्थाको हकमा २०००००।- ( दुई लाख मात्र )

२. स्थानीय तहको हकमा भू-सेवा केन्द्रको अनुमती लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

३. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि १ वर्षको हुनेछ तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असार मसान्त सम्म मात्र हुनेछ ।

४. बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी संचयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितो बन्धक, रोक्का र फुकुवा प्रयोजनको लागिमात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाईन निवेदन पेश गरी अनुमति प्राप्त गर्नुपर्नेछ । प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यक्तानुसार आ-आफ्नो शाखा कार्यालयहरुलाई User वितरण गर्न सक्नेछ छ ।

४. निवेदन दिने अन्तिम म्याद : मिति २०७७ साल चैत महिनाको ३ गते सम्म ।

५. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

२०७७/११/१२

........................
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत

फोन:- ०९१-५२१२०१ मोबाईल:- ९८५८४२१२०१ इमेल:- kailali@dolma.gov.np फ्याक्स:- ०९१-५२२१६५